# राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समिति अध्यक्षमा सुवेदी

आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २२

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सञ्चालक समितिका नवनियुक्त अध्यक्ष बाबुराम सुवेदी शपथ लिएका छन् । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा १ बमोजिम उनले शुक्रबार पद तथा गोपनीयताको शपथ लिएका हुन् । यसअघि बैंक सञ्चालक समितिको बिहीबार बसेको बैठकले बाबुराम सुवेदीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो ।



बाबुराम सुवेदीले अर्थशास्त्र तथा जनप्रशासन विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । साथै, उनी नेपाल सरकार अर्थ मन्त्रालयका सहसचिव हुन् ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा निलम तिम्सिना ढुङ्गाना, राष्ट्र बैंकका उच्च पदाधिकारीहरु र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्वय देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, कम्पनी सचिव हेमराज खरेललगायतको उपस्थिति रहेको थियो ।

# सिटिजन्स बैंकद्वारा भूकम्पपीडितको सहायताको लागि २५ लाख प्रदान

आर्थिक संवाददाता
काठमाडौं, कात्तिक २२

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले कर्णाली प्रदेशको जाजरकोटमा यही कात्तिक १७ गतेका दिन गएको विनाशकारी भूकम्पबाट पीडितहरूको उद्धार तथा उपचारको उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा आर्थिक सहयोग स्वरूप २५ लाख रूपैयाँ प्रदान गर्ने निर्णय गरेको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको र भविष्यमा समेत यस्तो सेवा र सहयोगको काममा निरन्तरता दिने कुरा बैंकले जनाएको छ ।बैंकले कर्णाली प्रदेशको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै यस क्षेत्रका ग्राहकलाई सहजरूपमा कृषि, पशुपालन र जडीबुटी सम्बन्धी कर्जा उपलब्ध गराउँदै आएको छ । जसले गर्दा यस




प्रदेशको अर्थतन्त्र चलायमान भई समग्र विकासमा टेवा पुगेको विश्वास बैंकले लिएको छ ।

बैंकले कर्णाली प्रदेशको प्रदेश कार्यालय सुर्खेतमा र जुम्ला शाखा कार्यालय आफ्नै भवनबाट सञ्चालनमा ल्याइसकेको छ । साथसाथै बैंकले यस क्षेत्रमा सामाजिक उत्तरदायित्व अन्तर्गत रहेर स्वास्थ्य शिविर सञ्चालन, सामुदायिक विद्यालय, वृद्धाश्रम र अनाथालयलाई आर्थिक सहयोग पनि गर्दै आएको छ ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतीस) दिने अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०७/२३)

तपशिलमा उल्लेखित तपाई ऋणीले यस **माता दक्षिणकाली बहुउद्देशीय सहकारी संस्था लि.** बाट ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाहरुको सांवा, ब्याज र अन्य दैदस्तुरहरु सहकारीसंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु, बुझाउनु पर्नेमा सो नतिरी, नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट मौखिक तथा पत्र मार्फत ताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको साथै कर्जा लिंदाको बखत पेश गरेको प्रयोजन बमोजिम कर्जा उपयोग नगरी कर्जाको दुरुपयोय गरी कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको सम्पूर्ण कर्जाको सांवा ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ती सहकारी ऐन, २०७४ को परिच्छेद- १४ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असूल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सहकारी ऐन, २०७४ बमोजिम र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा एकाघर सगोलको परिवारका नाममा रहेका अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी सांवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाइने ऋणी तथा एकाघर सगोलका परिबार लगायत सम्बन्धीत सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा सहकारी संस्था सम्बन्धी ऐन २०७४ को दफा ८० अनुसार ऋणी र एकाघर सगोलका परिवारको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि. को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| ऋणीको विवरण | फोटो | धितोको विवरण |
|---|---|---|
| नाम : उपेन्द्र खत्री<br>बाबुको नाम : राम शरण खत्री<br>बाजेको नाम : टीका बहादुर खत्री<br>स्थायी ठेगाना : दक्षिणकाली न.पा.५, काठमाडौं (साविक शेषनारायण गाविस वडा नं.८)<br>नागरिकता प्र. नं. : ७१५१ |  | नाम : उपेन्द्र खत्री<br>किता नं. ३४, ३६ भएको ०-२-०-० रोपनी (६३.५८ व.मि.) र ०-२-१-० रोपनी (७१.५३ व.मि.) भएको भित्ता/पाखो दोयम जग्गा र बा २ ख ८३६५ नम्बरको गाडी |
| नाम : बुद्ध थोकर<br>बाबुको नाम : छिरिङ थोकर<br>बाजेको नाम : दुर्गा बहादुर थोकर<br>स्थायी ठेगाना : दक्षिणकाली न.पा.६, काठमाडौं<br>नागरिकता नं : ३१८९३ (प्रथम प्रतिलिपि |  | नाम : बुद्ध थोकर<br>गाडि नं. बा ५ ख ४१७ टिपर, प्रदेश-३-०२-००८३ प ६६८६ नंबरको बाइक र बा ८८ प ५६२६ नंबरको बाइक |

**माता दक्षिणकाली बहुउद्देशीय सहकारी संस्था लि.**
दक्षिणकाली, काठमाडौं



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
**सडक डिभिजन, भरतपुर**

## धरौटी सदरस्याहा गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः- २०८०/०७/२३

यस डिभिजनसंग भएको खरिद सम्झौता बमोजिम निर्माण कार्यहरुको बिल भुक्तानी हुंदा या अन्य प्रयोजनमा धरौटी राखि लामो समयसम्म आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ को उपनियम (२) बमोजिम धरौटी फिर्ताको लागि निवेदन भै नआएको साथै धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्ष समाप्त भै सकेको बिभिन्न १२८ वटा ब्यक्ति, संस्था तथा फर्महरुको नाममा रहेको धरौटीको रकम ऐ.ऐ. नियमावलीको नियम ६८ बमोजिम सदरस्याहा गरि राजस्व खातामा आम्दानी बाँध्नु परेको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ को उपनियम (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। धरौटी सदरस्याहा गरिने फर्महरुको नामनामेसी तथा रकम सहितको बिस्तृत विवरण कार्यालयको फेसबुक पेज RD Bharatpur, कार्यालयको वेवसाइट https://www.dor.gov.np/bharatpur तथा कार्यालयको सूचनापाटिमा समेत प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र उक्त धरौटी रकम फिर्ता लिन चाहेमा आर्थिक बर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, सम्बन्धित आर्थिक कारोवारको मुल्य अभिबृद्धि कर समायोजनको प्रमाणपत्र तथा सम्बन्धित कार्य सम्पन्न भएको प्रमाण सहित सडक डिभिजन भरतपुरमा निवेदन दिनु हुन सूचित गरिन्छ।

डिभिजन प्रमुख



**ग्लोबल आइएमई बैंक लि.**

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको मुर्कोत शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी धनसरी सार्कीको मिति २०८०/०५/०९ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउं भनी मृतकको श्रीमान गोप बहादुर सार्कीबाट मिति २०८०/०७/१४ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदावी गर्न आउनुहोला। सो म्यादभित्र दावी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank



# Invitation for Bids

Local Government
**Uttargaya Rural Municipality**
**Office of the Rural Municipal Executive**
Laharepauwa, Rasuwa

## Invitation for Bids No.: URM/NCB/WORKS/03/2080-081

**Date of publication: 09-11-2023**

1. Uttargaya Rural Municipality, Rasuwa invites electronic bids from Nepalese eligible bidders for the construction of Upgrading of Pairebesi Kuwapani Bhalayadanda Manigaun Road Uttargaya-4, under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 12933150.32 (Exclusive of VAT and Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal or may visit PPMO Website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost Rs. (in NRs) 3,000.00 (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

| | |
|---|---|
| **Name of the Bank** | **: Himalayan Bank Ltd.** |
| **Name of Office** | **: Uttargaya Rural Municipality, Rasuwa** |
| **Office Account No.** | **: 04407741280019** |
| **Office Code No.** | **: 80328501** |
| **Rajaswa (Revenue) Shirshak No.** | **: 14249** |

4. Pre-bid meeting shall be held at Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal at 24-11-2023 09:00 hours.
5. Electronic bids must be submitted to the office Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal through PPMO Website www.bolpatra.gov. np/egp on or before 11-12-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11-12-2023 12:30 at the office of Uttargaya Rural Municipality, Rasuwa-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 380000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



# Doodhpokhari Rural Municipality
## Office of Rural Municipal Executive
Gaunda, Lamjung
Gandaki Province Nep[al

## Subject: Letter of Intent for contract ID: 080-81/DPRM/WORKS-01 for Financial Opening

**First Publication date: 9th of November 2023**

This is to notify you that, Pursuant to clause 25 of the Public Procurement Act 2063 and its revision that the following bid submitted for the contract identification number: 080-81/DPRM/WORKS-01, Upgrading of Lamagaun Jorne Saamghaderi Road , as per the invitation for bids published on the national daily newspaper, 2023/08/17 are found substantially responsive and are selected for the financial opening dated on 21st of November 2023 at 13 :00 noon.

**List of bidders: Gorkha Kalika / Gumda JV, RK construction**

**Chief Administrative Officer**



# सोरु गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
जिमा, मुगु

## सेवा करारमा ईन्जिनियर नियुक्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/७/२३**

यस गाउँपालिकाबाट निर्माणधित तारापानी १० सैया आधारभुत अस्पतालको लागि सेवा करारमा सिभिल ईन्जिनियर अधिकृत स्तर छैंठौ १ आवश्यक भएकोले आर्थिक वर्ष २०७९/२०८० देखि हाल सम्म लोक सेवा आयोग काठमाण्डौं र विभिन्न प्रदेश लोक सेवा आयोगबाट बैकल्पिक तथा अस्थायी योग्यताक्रम सिफारिस भएका उम्मेदबारहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेख भएका कागजात सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मिति भित्र निवेदन दिने उम्मेदवार मध्येबाट योग्यताक्रम अनुसार प्राथमिकताको आधारमा सेवा करारमा नियुक्ति दिई कामकाजमा खटाईने भएकोले यो सूचना प्रकाशिन गरिएको छ।

१. निवेदन
२. प्रवेश पत्रको प्रतिलिपी
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
४. शैक्षिक योग्यता सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी
५. नेपाल इन्जिनियरिङ्ग परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपी
६. वैकल्पिक तथा अस्थायी योग्यताक्रममा सिफारिस भएको विवरण

**सम्पर्कको लागि :**
मो.नं. ९८५८३६६२७७
ईमेलः ito.sorumun@gmail.com